# महान्यायाधिवक्ताको कार्यालय

नेपाल

(.............................. शाखा)

सचिवालय

महान्यायाधिवक्ताको कार्यालय नेपाल

पत्र संख्या :- ०७६/०७७

चलानी नं. :- सचिवालय/८७

रामशाहपथ, काठमाडौं

मिति :- २०७६।१२।०३

विषय:- निर्देशन दिईएको।

श्री प्रहरी महानिरीक्षक,
प्रहरी प्रधान कार्यालय,
नक्साल, काठमाडौं।

उपरोक्त सम्बन्धमा हाल विश्वमा महामारीका रुपमा फैलिरहेको कोभिड-१९ (कोरोना भाइरस) बाट सुरक्षित हुन मास्क प्रयोग गर्नुपर्ने अवस्थाको फाइदा लिई बजारमा मास्कको अभाव देखाउन जम्मा खोरी गरी बढी मूल्यमा बिक्री गरेर कालोबजारी गर्ने व्यक्तिहरुलाई विभिन्न प्रहरी युनिटहरुबाट अनुसन्धानको दायरामा ल्याई मास्क बरामद गरेर अनुसन्धान भइरहेको जानकारी प्राप्त भयो। बरामद माक्सहरु मुद्दाको कारबाहीको क्रममा मुद्दा हेर्ने निकायमा दशी स्वरुप पेश गर्दा बजारमा मास्कको अभाव भईरहने र अहिलेको विषम परिस्थितिमा त्यसको प्रयोग गर्न नसकिने अवस्था हुने हुँदा बृहद सार्वजनिक हित एवं जनस्वाथ्यलाई ध्यानमा राखी मुद्दा हेर्ने अधिकारीको अनुमती लिई उक्त अपराध अनुसन्धानको क्रममा निम्नानुसार गर्न गराउनुहुन मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा २७ अनुसार निर्देशन दिइएको छः-

१. बरामद माक्सहरुको मूल्य र नमूना सहितको अभिलेख एवं फोटो सहितको डिजिटल अभिलेख मिसिलमा राखे,
२. बरामद माक्सहरुको हालको वजार मूल्य अनुसारको रकम साझा स्वास्थ्य सेवा तथा यस्तै प्रकृतीका अन्य सार्वजनिक संस्थाबाट लिई सो रकम प्रहरीको धरौटी खातामा राखी उक्त माक्सहरु सो संस्थाले यकिन अभिलेख राखी अविलम्व बिक्री वितरण गर्ने व्यबस्था मिलाउने,
३. अनुसन्धान भएका मुद्दाहरुमा अभियोजन गर्ने निर्णय हुँदा प्रकरण २ मा उल्लेख भएको व्यवस्था अनुसार धरौटी खातामा जम्मा भएको रकम जफत हुन मागदाबी लिने प्रबन्ध गर्ने।

अग्नि प्रसाद खरेल
महान्यायाधिवक्ता

☎: ४२००८००, ४२००८०१, ४२००८१६, ४२००८१४, ४२००८१८
फ्याक्स :- ४२००८२७, एक्सचेन्ज :- ४२००८२४, ४२००८२५
इमेल: info@attorneygeneral.gov.np, वेबसाइट: www.attorneygeneral.gov.np